# अनुसुची-२
## माइक्रोब्रुअरी स्थापना सम्बन्धको मापदण्ड

**(१) परिभाषाः**

(क) माइक्रोब्रुअरी भन्नाले एउटा रेष्टुरेटको अभिन्न अंगको रुपमा वार्षिक २,५०० हेक्टो लिटरभन्दा कम बियर उत्पादन गरी उत्पादन स्थलमै विक्री वितरण गर्ने ब्रुअरीलाई जनाउँदछ।

(ख) यस्तो माइक्रोब्रुअरी सहितको रेष्टुरेण्टको क्षमता एउटा मात्र रेष्टुरेन्ट भएको हकमा न्यूनतम २० सीट क्षमता हुनुपर्नेछ। यस्तो माइक्रोब्रुअरी सहितको रेष्टुरेन्टले सम्बन्धित निकायबाट मदिरा बिक्री सम्बन्धी इजाजत लिनुपर्नेछ।

(ग) यस्तो माइक्रोब्रुअरी सहितको रेष्टुरेण्ट पर्यटनमुलक उद्योगको बर्गीकरणमा दर्ता हुनेछ।

**(२) अनुमति तथा दर्ता प्रक्रियाः**

(क) माइक्रोब्रुअरीसहितको रेष्टुरेन्ट स्थापनाको अनुमति प्रदान गर्दा दुई लाख रुपैया धरौटी वापत जम्मा गर्नुपर्नेछ

(ख) माइक्रोब्रुअरीको अनुमति लिएको ९० दिनभित्र उद्योग दर्ताको लागि आवेदन गर्नुपर्नेछ।

(ग) माइक्रोब्रुअरीसहितको रेष्टुरेन्ट दर्ता गर्ने क्रममा स्थानिय निकायको सिफारिस लिनुपर्नेछ।

(घ) माइक्रोब्रुअरीको अनुमति लिएको २ वर्ष भित्र व्यवसायिक उत्पादन गरिसक्नु पर्नेछ। अनुमति प्रदान गर्दा राखेको धरौटी रकम उद्योगले व्यवसायिक उत्पादन सुरु भएको प्रमाण पेश भएमा मात्र फिर्ता गरिनेछ। अन्यथा उक्त धरौटी रकम जफत गरिनेछ।

(ङ) अनुमति प्राप्त व्यक्तिको नाममा उद्योगले व्यवसायिक उत्पादन नगरेसम्म कम्तिमा २० प्रतिशत शेयर कायम रहेको हुन पर्नेछ।

(च) Bottling गरी व्यापारिक उत्पादन गर्न पाइने छैन।

**(३) भौतिक संरचना एव प्राविधिक पक्षः**

(क) माइक्रो ब्रुअरीबाट उत्पादन हुने बियरमा अल्कोहलको मात्रा अधिकतम ७ प्रतिशत सम्म हुनुपर्नेछ।

(ख) माइक्रोब्रुअरीपक्की भवनमा स्थापना हुनु पर्नेछ। कच्चा पदार्थ भण्डारण, उत्पादन क्षेत्र तथा उत्पादित बस्तुको भण्डारण छुट्टा–छुट्टै स्थानमा गरिने व्यवस्था मिलाइएको हुनुपर्नेछ।

(ग) Clean in Process (CIP) Facility तथा प्रयोगशालाको व्यवस्था भएको हुनु पर्नेछ।

(घ) माइक्रोब्रुअरीमा प्रयोग हुने Tank एवं पाइपलाइन स्टेनलेस स्टीलको हुनुपर्नेछ र प्लास्टिकको पाइलाइन प्रयोग गर्नु पर्ने देखिएमा Food Grade का मात्र प्रयोग गर्नुपर्नेछ।

(ङ) माइक्रो ब्रुअरीमा इन्धनका रुपमा Electricity वा LPG मात्रै प्रयोग गर्नुपर्नेछ।

(च) उद्योगले कम्तीमा एकजना अल्कोहल टेक्नोलोजिष्ट वा फूड टेक्नेलोजिष्टको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नुपर्नेछ।

(छ) उत्पादन गर्नुपूर्व नेपाल सरकारको सम्बन्धित निकायबाट तोकिएको वा तोकिने गुणस्तर सम्बन्धी मापदण्ड तथा प्रकिया पुरा गर्नुपर्नेछ ।

**(४) वातावरणीय प्रावधान**

(क) माइक्रोब्रुअरी स्थापना पूर्व सम्बन्धित निकायबाट IEE प्रतिवेदन स्वीकृत गराउनुपर्नेछ ।

(ख) माइक्रोब्रुअरीबाट निस्कासन हुने तरल पदार्थ (Effluent) लाई पूर्णरुपमा Treatment गरी विसर्जन गर्नुपर्नेछ ।

(ग) माइक्रोब्रुअरीबाट निस्कासन हुने ठोस पदार्थ (Solid Waste) लाई विसर्जन गर्ने उपयुक्त संयन्त्र अबलम्बन गर्नुपर्नेछ ।

(घ) नेपाल सरकारले समय समयमा तोकेका वा तोकिने वातावरणीय मापदण्ड पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

(ङ) उद्योग दर्ता गर्दा सम्बन्धित निकायले माइक्रोब्रुअरीबाट हुने वातावरणीय प्रभाव (Environmental Impact) र त्यसको न्यूनीकरण सम्बन्धी Mitigation Measures पर्याप्त र प्रभावकारी (Adequate and Effective) व्यवस्था हुने गरी प्रस्तावकबाट प्रतिवद्धता सहितको Environmental Mitigation Plan पेश गर्न लगाउनु पर्नेछ ।

(च) उद्योग दर्ता गर्दा पेश गरेको Environmental Mitigation Plan शर्तको रुपमा लागू हुने हुनेछ ।

**(५) अन्त–शुल्क प्रशासन सम्बन्धी व्यवस्था**

(क) आन्तरिक राजस्व विभागले तोकेको वा उपलब्ध गराएको Software Program बाट मात्र बीजक जारी गर्नुपर्नेछ । उत्पादन वा विक्रेताको बीजक जारी गर्ने सफ्टवेयर र कम्प्युटरमा आन्तरिक राजस्व बिभागले Online Connectivity माध्यमबाट निरन्तर पहुच प्राप्त गर्ने सुविधा उपलब्ध गराउनुपर्नेछ ।

(ख) अन्त–शुल्क प्रशासन सम्बन्धी अन्य व्यवस्था आन्तरिक राजस्व विभागबाट तोकिए बमोजिम हुनेछ ।

**(६) अनुमति तथा मापदण्ड कार्यान्वयन**

१. यस मापदण्डमा उल्लेखित विषयहरुको सम्बन्धमा नियमित अनुगमन निम्नानुसारको संयुक्त अनुगमन टोलीले गर्नेछ ।

<u>उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा</u>

(१) महानिर्देशकले तोकेको निर्देशक, उद्योग विभाग, संयोजक

(२) प्रतिनिधि, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

(३) महानिर्देशकले तोकेको अधिकृत, उद्योग विभाग, सदस्य सचिव

<u>घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गत कार्यालयमा दर्ता भएका उद्योगहरुको हकमा</u>

(१) महानिर्देशकले तोकेको निर्देशक, घरेलु तथा साना उद्योग विभाग, संयोजक

(२) प्रतिनिधि, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

(३) प्रतिनिधि, सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय, सदस्य

(४) महानिर्देशकले तोकेको अधिकृत, घरेलु तथा साना उद्योग विभाग, सदस्य सचिव

२. माथि (१) मा उल्लेखित अनुगमन टोलीले निम्न थप विषयमा समेत अनुगमन गर्नेछ।

(क) प्रस्तावित मापदण्ड, इजाजत पत्र तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्त पालना गरे/नगरेको,

(ख) स्वीकृत क्षमताभन्दा बढी उत्पादन गरे/नगरेको

(ग) राजश्व आम्दानी, कच्चा पदार्थ खपत, प्रतिफल (Recovery) उत्पादन तथा बिक्री सम्बन्धी तथ्याङ्क इत्यादिको अवस्था

(घ) सम्बन्धित विभागले तोके बमोजिमका अन्य विषयहरु।

३. अनुगमन टोलीले अनुगमन पश्चात आफ्नो प्रतिवेदन सम्बन्धित विभागहरुमा दिनुपर्नेछ।

**(७) अनुमति पत्र खारेजी, जरिवानाः**

क) तोकिएको मापदण्ड अनुरुप कार्य गरेको नपाइएमा अनुमति पत्र खारेजी एवं औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम कार्यवाही हुनेछ।

**(८) अन्यः**

माइक्रोब्रुअरी उद्योगमा Foreign Direct Investment (FDI) गर्न दिईने छैन।